# लाहुरी भैँसी कथामा विचारधारा

**खगेश्वर भट्टराई**
उपप्राध्यापक, नेपाली विभाग, भोजपुर बहुमुखी क्याम्पस भोजपुर
Email : bhattaraikhageswar@gmail.com

**अध्ययनसार**

प्रस्तुत लेख रमेश विकलको लाहुरी भैंसी कथामा विचारधाराको विश्लेषणमा केन्द्रित छ। गुणात्मक अनुसन्धान पद्धति र पाठविश्लेषण ढाँचामा तयार भएको यस लेखको सामग्रीको स्रोत पुस्तकालय हो । पुस्तकालयबाट सङ्कलित प्राथमिक र द्वितीयक दुबै स्रोतका सामग्रीको प्रयोग भएको यस लेखको सैद्धान्तिक आधार विचारधारा हो भने यो सिद्धान्तनिष्ठ निगमनात्मक अनुसन्धानमा आधारित छ । विचारधारा प्राचीन गुरुकुल परम्परामा विमर्शात्मक ज्ञानमीमांसाबाट विकास भई आरम्भ भएको अनुशासन हो। यसका आधुनिक विकास मार्क्सवाद र त्यसपछिका विचारधारात्मक अध्ययनपद्धतिबाट भएको हो । साहित्यिक कृतिमा समाज र संस्कृतिको चित्रण हुने भएकाले साहित्यमा विचारधाराको अध्ययन हुने समालोचनापद्धतिको विकास भएको छ। यस लाहुरी भैंसी कथामा नेपाली समाजमा असमान अर्थिक संरचनाका कारण सृजित अनमेल सामाजिक संरचना तथा त्यमा प्रतिनिधित्व गर्ने उच्च र निम्नवर्गीय चरित्रको द्वन्द्वात्मक विचारधारात्मक प्रतिनिधित्व भएको छ । यस लेखमा प्रभुत्वशाली संस्कृतिको विचारधाराका सामु निरीह बनेको अधिनस्थ संस्कृतिको विचारधारा स्वतः मूलधारमा समावेश भएको कथ्यविषय प्रस्तुत गर्ने यस कथामा अधिनस्थ समूहको प्रभुत्वलाई विस्थापित गरी किनारीकृत समूहको विचारधारा स्थापित गर्नुपर्ने लेखकीय विचारधाराको प्रयोग भएको रचना रहेको पक्षमा विमर्श भएको छ।

*मुख्यपद* : प्रतिनिधित्व र सत्तासम्बन्ध, प्रभुत्वशाली विचारधारा, लेखकीय विचारधारा

लेखसम्बन्धी विवरण : लेख प्राप्त मिति : २०८०/११/१२, लेख पुनरावलोकन मिति : २०८०/०१/२४, लेख स्वीकृत मिति : २०८१/०२/२५ । प्रकाशक : नेपाली विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर । जर्नलको होमपेज : https://www.nepjol.info/index.php/vaikharivani/index
DOI: https://doi.org/10.3126/vaikharivani.v1i2.69850

## विषयपरिचय

प्रस्तुत लाहुरी भैंसी कथा रमेश विकलद्वारा लिखित तथा नयाँ सडकको गीत कथासङ्ग्रहका सङ्गृहीत भई प्रथमपटक प्रकाशित भएको कृति हो। यस कथाका रचयिता रमेश विकल (सं १९८५–२०६५) नेपाली साहित्यका कथा, उपन्यास, नाटक, निबन्ध विधामा कलम चलाउने स्रष्टा भए पनि उनको ख्याति उपन्यास र कथामा नै केन्द्रित छ। कथाकारका रूपमा वि.सं २००६ सालमा गरिब शीर्षकको कथाका माध्यमबाट कथालेखनको क्षेत्रमा प्रवेश गरेका विकलका बिरानो देशमा (२०१६), *नयाँ सडकको गीत* (२०१९), *आज फेरि अर्को तन्ना फेरिन्छ* (२०२४), *एउटा बूढो भ्वाइलेन आशावरीको धुनमा* (२०२५), *उर्मिला भाउजू* (२०३५), *शव, शालिक र सहस्र बुद्ध* (२०४३), *हराएका कथाहरू* (२०५५) गरी सातओटा कथासङ्ग्रह प्रकाशित भएका छन्। समाजका जटिल आर्थिक एवम् मानवीय जीवनको पर्यवेक्षण गरी गतिशील सामाजिक रूपान्तरणमा आस्था राख्ने विकलका २०२० सालपूर्व र २०३६ सालपश्चात्का कथामा आलोचनात्मक चेत पाइन्छ भने बीचका केही कथामा मनोवैज्ञानिक यथार्थवादी दृष्टिकोणको प्रयोग पनि देखिन्छ । सामाजिक र मनोवैज्ञानिक दुवै दृष्टिकोणलाई प्रतिनिधित्व गर्ने कथा लेखेको पाइए पनि

परिमाणात्मक र गुणात्मक हिसाबले उनका सामाजिक कथाहरू विशिष्ट छन् । आर्थिक असमानता, सामाजिक भेदभाव, अन्याय, शोषणप्रति तीव्र विरोध, सामाजिक, राजनीतिक, सांस्कृतिक समस्याको जीवन्त चित्रण, मानवतावादी दृष्टिकोण, निम्न वर्गप्रति सद्भाव, समतामूलक समाज निर्माणमा जोड, वर्गीय पात्रचयन, काठमाडौं र वरिपरिको कथागत परिवेश, विषय र पात्रअनुकूलको भाषा प्रयोग भएका उनका कथामा प्रगतिवादी चेतना प्रबल रूपमा प्रकट भएको छ । नेपाली समाजको संरचना र त्यसका आधारभूत प्रस्थापनामा रहेका विशेषताको चित्रण पाइने भएकाले राजनीतिक सत्ताको प्रतिच्छाया र समाजमा सत्ताले पारेको प्रभावको अङ्कन उनका कथाका मुख्य विशेषता हुन् ।

कथागत कथ्यलाई पत्रबीचको अन्तर्क्रियात्मक ढाँचामा प्रस्तुत गर्नु कथाकार विकलको कथ्यशिल्प नै हो । नेपाली कथा परम्परामा पहिलो प्रगतिवादी कथाकारका रूपमा चिनिने विकलले आफ्ना कथामा आग्रहीकरणको आभास आउन नदिई नाटकीकरणद्वारा प्रगतिशील विचारलाई कलात्मक रूप दिएको पाइन्छ (श्रेष्ठ ६०) । यसै मान्यतालाई प्रतिनिधित्व गर्ने उनको मदन पुरस्कार प्राप्त दोस्रो कथासङ्ग्रह नयाँ सडकको गीत (२०१९) मा सङ्कलित लाहुरी भैंसी कथामा पनि वर्गविभेदपूर्ण नेपाली समाजको चित्रण गरिएको छ मार्क्सवादी वैचारिक दृष्टिकोणलाई कलात्मक आवरण दिइएको यस कथालाई सांस्कृतिक अध्ययनका कोणबाट अध्ययन गर्न सकिन्छ । यस कथामा अधिरचनाको एक महत्त्वपूर्ण अङ्ग विचारधारालाई अङ्गीकार गरिएको छ । सांस्कृतिक अध्ययनको एक महत्त्वपूर्ण अवधारणाका रूपमा रहेको विचारधाराको प्रयोग राजनीतिक सत्ता र सामाजिक संरचनाका विभिन्न तहमा हुने गर्दछ । विचारधाराले सत्ता र सामाजिक संरचनाका वर्ग, जाति, लिङ्गजस्ता क्षेत्रलाई प्रभाव पार्दछ । साहित्यमा समाजको प्रतिबिम्बन हुने भएकाले सामाजिक संस्कृतिको चलायमान विषयका रूपमा विचारधाराको उपस्थिति स्वतः हुने विषय हो । साहित्य र विचारधाराको सम्बन्ध एक आपसमा अन्तर्सम्बन्धित रहने नै विषय हुन् । वर्गीय समाजमा विचारधाराले राजनीतिक सत्ता र सामाजिक संरचनाको अवस्थालाई सँगसँगै प्रभावित पार्ने गर्दछ । यस अवस्थामा विचारधाराले शासकलाई टिकाइराख्न पनि भूमिका निर्वाह गर्दछ भने उत्पीडित वर्गलाई चेतना पनि बाँडिरहेको हुन्छ । यस प्रकारको सम्बन्धलाई विकलको लाहुरी भैंसी कथामा लेखकले र सहभागीले कसरी प्रतिनिधित्व गरेका छन् भन्ने कोणबाट अध्ययन गर्न सकिने भएकाले यस लेखमा लाहुरी भैंसी कथामा विचारधारा भन्ने शीर्षकलाई मूल शोधसमस्याका रूपमा चयन गरी यसका विषयमा विमर्शसहित अर्थापन भएको छ ।

**लेखका समस्या र उद्देश्य**

प्रस्तुत लेखको प्रमुख समस्या भन्नु नै लाहुरी भैंसी कथामा विचारधाराको विश्लेषण तथा मूल्याङ्कन हो । नेपाली कथा परम्परामा प्रगतिवादी वैचारिक दृष्टिकोणलाई अवलम्बन गर्ने कथाकारका रूपमा परिचित रमेश विकलको लाहुरी भैंसी शीर्षकको कथा सांस्कृतिक अध्ययनका विभिन्न पक्ष र सैद्धान्तिक मान्यताका आधारमा अध्ययन विश्लेषण गर्न सकिन्छ । राजनीतिक सत्ता र सामाजिक संरचनाले निर्माण गरेका मूल्य मान्यताले तत्कालीन नेपाली समाजमा कस्तो विचारधाराको निर्माण गरेको थियो र त्यसका सम्बन्धमा लेखकको विचारधारा साथै कथामा प्रयुक्त सहभागीको विचारधारा कस्तो प्रकारको रहेको छ भन्ने जिज्ञासा नै प्रस्तुत अध्ययन पत्रको मूल समस्या रहेको छ । सांस्कृतिक अध्ययनको एक अवधारणा विचारधारा पनि रहेको र यसका आधारमा पाठमा प्रयुक्त विचार र पाठ निर्माणकर्ताको विचार पनि अध्ययनीय समस्याका रूपमा आउँछन् । यसर्थ, प्रस्तुत अध्ययन पत्रमा मूल शोध्य समस्यासम्बद्ध शोध्यप्रश्न निम्नानुसार रहेका छन् :

क) कथामा प्रतिनिधित्व र सत्तासम्बन्ध के कस्तो छ ?

ख) कथामा प्रभुत्वशाली विचारधारा र त्यसप्रतिको प्रतिक्रिया कसरी अभिव्यक्त भएको छ ?

ग) कथामा लेखकीय विचारधारा प्रस्तुतिको प्रयोजन के हो ?

मूल शोधसमस्या सम्बद्ध भएर आउने समाधेय प्रश्नको समाधान प्रस्तुत गर्नु नै यस लेखको उद्देश्य रहेको छ। यस लेखको विषयगत सीमाङ्कन लाहुरी भैंसी कथा हो भने सैद्धान्तिक सीमाङ्कन सांस्कृतिक अध्ययनअन्तर्गतको विचारधारा मात्र हो। विचारधाराको सांस्कृतिक पक्षका अधारमा कृतिको विश्लेषण गर्ने आधार र अवधारणा प्रस्तुत गर्ने यस लेखबाट यस विषयसँग सम्बन्धित पाठक र अध्येताका लागि प्राज्ञिक आवश्यकताका लागि पूरक सामग्री रहने भएकाले यसको औचित्य पनि छ।

## *अध्ययनविधि*

सांस्कृतिक अध्ययनअन्तरगत पर्ने विचारधाराको सिद्धान्तलाई आधार बनाएर तयार गरिएको प्रस्तुत अध्ययन पत्र तयार गर्न पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ। प्राथमिक अध्ययन सामग्रीका रूपमा रमेश विकलको लाहुरी भैंसी कथा र प्राथमिक सामग्रीमा रहेका पाठभित्र प्राप्त विचारधारासम्बद्ध प्रतिनिधिमूलक साक्ष्य विश्लेषणका लागि सन्दर्भपुस्तक, अनुसन्धानमूलक लेखबाट प्राप्त सहयोगी सामग्रीको उपयोग गरिएको छ। पुस्तकालयीय स्रोतबाट प्राप्त सामग्रीलाई सङ्क्षिप्त प्रकारको गुणात्मक अनुसन्धानविधिको उपयोग गरी पाठविश्लेषणात्मक आधारबाट व्यवस्थापन गरिएको छ। यस लेखलाई अर्थापन गर्नका लागि वर्णनात्मक र विश्लेषणात्मक विधिको उपयोग भएको छ।

## **सैद्धान्तिक पर्याधार**

विचारधारा मूलमूत रूपमा समाजमा अभ्यास गरिने सांस्कृतिक विषय हो। अठारौं शताब्दीमा राजनीतिक, कानुनी, सौन्दर्यात्मक, धार्मिक विचारहरूको एक प्रणाली एवम् दर्शनका रूपमा स्थापित विचारधाराको विस्तृत चर्चा वैज्ञानिक समाजवादका प्रणेता कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सबाट भएको हो (गिरी, २०७०, पृ. ३०)। विचारधारा आर्थिक जगमा खडा हुने र त्यसले सामाजिक संरचनालाई प्रभाव पार्ने सन्दर्भलाई शासकीय सम्बन्धसँग जोडेर प्रस्तुत गर्दछ। समाजमा विचारधाराको महत्त्व र भूमिकका बारेमा गहिराइमा अध्ययन गर्ने र मान्यता प्रस्तुत गर्ने श्रेय ग्राम्ची र अल्थुसरलाई जान्छ मार्क्स, एङ्गेल्स, ग्राम्ची र अल्थुसर हुँदै उत्तरोत्तर विकसित भएको विचारधारसम्बन्धी मान्यताले राजनीतिक सत्ता र सामाजिक संरचनाका विभिन्न तहमा प्रभाव पार्ने भएकाले वर्गीय दृष्टिकोण प्रस्तुत भएका साहित्यिक पाठको विश्लेषणमा यसको उपयोग हुने गर्दछ। सांस्कृतिक अध्ययनको अवधारणाका रूपमा रहेको विचारधाराले वर्गीय स्वरूपमा रहने सामाजिक चेतनालाई पनि प्रभाव पारी वर्गीय चरित्रअनुरूपको सौन्दर्यशास्त्रीय मानक स्थापना गर्ने र त्यसको प्रवृत्ति पुँजीवादी र सर्वहारावर्गीय हुने तर्क चैतन्यको रहेको छ (चैतन्य, २०६४, पृ. २३)। राजनीतिक सत्ताको छाया सामाजिक संरचनामा पर्ने र त्यसको चरित्र वर्गीय हुने भएकाले समाज पनि पुँजीपति वर्ग र सर्वहारावर्गमा विभाजित हुन्छ। विभाजित वर्गचरित्रको स्वरूपअनुसार नै साहित्यको सिर्जना पनि हुनेगर्दछ। सामजिक बनोटको अस्तित्व मूलतः उत्पादनकारी तत्वहरू र विद्यमान उत्पादनको सम्बन्धबाट गुज्रने भएकाले विचारधाराको अस्तित्व मानव जीवनमा स्पष्ट रूपमा देखिने र अर्को स्पष्ट रूपमा नरहेको तर व्यवहारमा लागू भइरहेको हुन्छ भन्ने अल्थुसरको मत रहेको देखिन्छ (पाण्डे, २०७२, पृ. २६१)। उत्पादन, शोषण र दमनको क्रियाकलापमा आबद्ध व्यक्तिहरूले आफ्ना क्रियाकलापहरू मार्फत् शासकीय विचारलाई नै पृष्ठपोषण गरिरहेका हुन्छन्। विकलको यस कथाको पृष्ठभूमिमा आएको सन्दर्भ र सहभागीका क्रियाकलापले पनि यो कुरालाई कथामा प्रतिबिम्वन गरेको छ।

साहित्यक कृतिमा व्यक्त विचार,राजनीतिक सामाजिक सम्बन्धको अध्ययन सांस्कृतिक अध्ययनले गर्ने भएकाले समय, स्थान र विचारधाराको सन्दर्भ समेटिएर आउने कुरालाई भट्टराईले उल्लेख गरेको पाइन्छ (भट्टराई, २०७७, पृ. ५८) । साहित्यिक कृतिमा व्यक्त विचारलाई विद्यमान सामाजिक संरचनाबाट अलग गरेर बुझ्न सकिन्न भन्ने सन्दर्भ यस मतले उठान गरेको छ ।

बिनाबल प्रयोग पनि समाजभित्र रहने विभिन्न वर्गलाई आफ्नो प्रभुत्वमा ल्याउन सकिने ग्राम्चीको धारणा रहेको छ । वार्ता र सहमति दुई आधारभूत तत्वका माध्यमबाट समाजमा विचार, मूल्य विश्वास निर्माण गरेर प्रभुत्वशाली विचारधारालाई स्थापित गरिन्छ (पाण्डेय, २०७३, पृ. ६४) । यस आधारमा हेर्दा प्रभुत्वशाली विचारको निर्माण बलपूर्वक नभई स्वतःस्फूर्त हुने गर्दछ जुन विचारको बलले समाजका उत्पीडित वर्ग हामी शोषित,पीडित छैनौँ भन्ने अवस्थालाई स्वीकार गर्दछन् । उत्पीडित वर्गमा हामी शोषित छौं भन्ने चेतना नआवोस् भनेर शासकले कानुनी, धार्मिक लगायत अन्य सामाजिक विश्वासलाई पत्यारलाग्दो ढङ्गमा प्रसारित गरेका हुन्छन् जसको हेक्कासमेत उनीहरूलाई हुँदैन । साहित्य र विचारधारालाई अलग गरेर बुझ्नु पर्छ भन्ने प्रतिक्रियावादी बुर्जुवाहरूले साहित्यकार वर्गविशेषसँग प्रतिबद्ध हुँदैन मानवप्रति मात्र हुन्छ भन्ने भ्रान्तिपूर्ण धारणा राख्दछन् । यसको विपरीत जीवनका प्रति उन्मुक्त आशक्ति र निर्बाध स्वतन्त्रताको वकालत गर्ने र वर्गीय समाजमा शोषित वर्गको पक्षमा कलम चलाउनु पर्ने धारणा मार्क्सवादी सौन्दर्य चिन्तकहरूको रहेको छ (चापागाईं उद्धृत ग्रेवाल, २०६७, पृ. २४१) । यसले लेखकीय विचारधाराको कृतिमा प्रतिबिम्वनको औचित्यलाई पुष्टि गर्न खोजेको छ । वर्गीय समाजमा रहने लेखकको चेतनाले वस्तुस्थितिलाई बुझ्ने कुरामा तत्कालीन समस्याहरूमा जेलिँदै जाँदा त्यसबाट उत्पन्न चापबाट विचारधाराको निर्माण गर्दछ । समाजको एक सदस्य भएका नाताले प्रत्येक साहित्यकार एक वर्गविशेषको दृष्टिकोणलाई आत्मसात् गरेर नै लेखनकर्ममा प्रवृत्त हुने भएकाले तत्कालीन समाजको परिस्थितिलाई उसले नजिकबाट बोध गर्ने जमर्को गर्दछ । रचनामा तत्कालीन परिस्थितिलाई आबद्ध मात्र नगराई लेखकले जटिलताबाट मुक्तिका लागि आवश्यक मार्गनिर्देशको परिकल्पना पनि गरेको हुन्छ । खनाल उदृत अभ्नेर जिसका दृष्टिमा वर्गयुक्त समाजमा कलाले मानिसलाई एकताबद्ध गरेर आफ्नोपन र साझा सरोकारको विषयमा सचेत बनाउनुका अतिरिक्त विचारधारा निर्माणमा निर्णायक भूमिका निर्वाह गर्दछ (अभ्नेर, २०७२, पृ. ६४–६५) । यस सिद्धान्तका आधारमा लाहुरी भैंसी कथाको विवेचनाका लागि निम्नानुसार विश्लेषणको ढाँचा उपयुक्त ठहर्दछ । उपर्युक्त सैद्धान्तिक पर्याधार र विश्लेषण ढाँचाका आधारमा विवेच्य कथाको विश्लेषण निम्नानुसार गरिएको छ ।

**नतिजा र विश्लेषण**

प्रथमपटक नयाँ सडकको गीत (२०१९) कथा सङ्ग्रहमा सङ्कलित लाहुरी भैंसी कथा साझा कथा (२०४०) मा पनि सङ्कलित छ । ग्रामीण परिवेशमा सिर्जित यस कथामा वर्गभेदपूर्ण नेपाली समाजको वास्तविकतालाई चित्रण गरिएको छ । वि.सं २०१७ सालमा भएको राजनीतिक परिवर्तनपश्चात् लेखिएको यस कथामा कृषिमा आश्रित नेपाली समाजमा विद्यमान उत्पादन प्रणाली र त्यसले निर्माण गरेको सामाजिक संरचनाभित्र आबद्ध निम्न वर्ग र उच्च वर्गका बिचको अन्तरविरोधलाई प्रस्तुत गरिएको छ । तत्कालीन सामाजिक संरचनामा आबद्ध वर्गको चरित्रलाई उद्घाटन गर्ने यस कथामा कथित उपल्लो वर्गको प्रभुत्वशाली विचार र त्यसप्रतिको प्रतिक्रिया अभिव्यक्त भएको छ । वर्गीय रूपमा विभाजित समाजको वैचारिक मान्यतालाई प्रस्तुत गर्ने सिलसिलामा लेखकीय विचारधाराको पनि अभिव्यक्ति भएको छ । कथामा व्यक्त भएको दुवै पक्षको विचारधारालाई निम्नानुसारका उपशीर्षकमा विश्लेषण गरिएको छ ।

**लाहुरी भैंसी कथामा प्रतिनिधित्व र सत्तासम्बन्ध**

विकलको लाहुरी भैंसी कथामा तत्कालीन समाजको वर्गीय स्वरूपलाई प्रस्तुत गर्नका लागि प्रभुत्वशाली वर्ग र अधीनस्थ वर्गलाई प्रतिनिधित्व गर्ने चरित्रको संयोजन गरिएको छ । द्वारेबा प्रभुत्वशाली वर्गको विचारधारालाई प्रतिनिधित्व गर्ने चरित्रका रूपमा उपस्थित भएको छ भने वर्गीय हिसाबले निम्न वर्गको कोटीमा पर्ने रामवीरे घर्ती, घमाने, खुलाल र सीताराम पण्डित पनि द्वारेबाको विचारका अनुयायी भएका छन् । लुखुरे, उसकी स्वास्नी घैंटी र चारवर्षे छोरो कथामा अधीनस्थ वर्गलाई प्रतिनिधित्व गर्ने चरित्रका भूमिकामा आएका छन् । भिन्नभिन्न भूमिकामा आएका चरित्रले तत्कालीन सामाजिक व्यवस्थाले निर्माण गरेका मूल्यमा आधारित भिन्न विचारधारालाई प्रकट गरेका छन् । द्वारेबा र उसका अनुयायीमार्फत् प्रकट भएको प्रभुत्वशाली विचारको स्वरूपलाई कथाका विभिन्न प्रकरणमा समेटिएका साक्ष्यका आधारमा विश्लेषण गर्न सकिन्छ । द्वारेबाको प्रभुत्वशाली विचारधाराको प्रकटीकरण लुखुरेले भैंसी किनेर ल्याएको घटनाबाट नै भएको छ, जसलाई कथाको निम्नलिखित साक्ष्यले प्रस्तुत गरेको छ :

> उनी आफै लज्जित भए,अनि अलि खिस्सिएको स्वरमा तल्लो पाटो खन्न लागेको रामवीरे घर्तीलाई हकारे – 'रामे,ए रामे ! लुखुरेका आगनाँ' केको रुमलो हो हेर् हेर् ! एउटा कालो–कालो डिङ्गो जस्तो पनि देखिन्छ नि ?' 'हँ,बा ? होइन बा,अस्ति कताहुँदो त लुखुरे भैंसी लिन जान्छु भन्थ्यो नि,ल्यायो पो कि त !' रामवीरे बडबडाउँदै द्वारेबाका आँगनतिर उक्ल्यो,द्वारेबाका गोडामा पुर्पुरो टेकायो,अनि निधारमा हातको छहारी पारेर लुखुरेको आँगनतिर नियालेर हेर्यो —'ए, हो त नि,ऊ क्या त त्यो भैंसी नै त हो; ल्याएछ ए बजियाले !' (विकल, २०७३, पृ .१६२)

कथाको आरम्भ खण्डमै आएको यस प्रसङ्गमा द्वारेबाको त्यो समाजमा हैकम थियो,उसले भनेपछि तत्काल सेवामा हाजिर हुनुपर्थ्यो भन्ने कुरालाई प्रस्तुत गरिएको छ । लुखुरेले भैंसी किनेर ल्याउन सक्दैन, ल्याए पनि आफूलाई नसोधी ल्याउँदैन भन्ने विश्वासमा रहेको द्वारेको प्रभुत्वशाली अहंमा चोट पुगेकाले ऊ रन्थनिएको छ । लुखुरेले भैंसी किनेको तथ्यलाई पुष्टि गर्नका लागि पनि ऊ रामवीरेको सहायता लिन्छ । रामवीरे आफ्नो काममा व्यस्त भएकै अवस्थामा द्वारेबाको घरमा आउनु,द्वारेबाका गोडामा पुर्पुरो टेकाउनु जस्ता घटनाले प्रभुत्वशाली विचारधारालाई प्रतिनिधित्व गरेका छन् । द्वारेबालाई भेट्नेबित्तिकै गोडामा ढोग्ने रामवीरेको कृत्य प्रभुत्वशाली विचारलाई स्वतः अनुमोदन गर्ने दृश्य हो । आफूले चाहेर पनि भनेजस्तो भैंसी खरिद गर्न नसकेको अवस्थामा लुखुरेले भैंसी किन्नु आफ्नो विरासतलाई चुनौती दिने कार्य हो भन्ने ठम्याइ द्वारेबाको छ । आफ्नो हैकम रहेको स्थानमा अरुको प्रगति नचाहने शोषक प्रवृत्तिलाई कथामा द्वारेबाको निम्नलिखित अभिव्यक्तिले प्रकट गरेको छ :

> 'लुखे बजियाले भैंसी ल्याएछ ?' –द्वारेबाले घोर आश्चर्यको स्वरमा भने,मानौं लुखुरेले भैंसी ल्याएको कुरा उनी सपनामा पनि पत्याउन सक्दैनन् । साँच्चै नै उसले भैंसी ल्याएको हो भने यो जत्तिको घोर आश्चर्य र घोर अपमान अरू केही हुन सक्तैन ! आफूले एउटा भन्या जस्तो लाहुरी जम्का गर्दागर्दै छेपारो उखान भैरहेछ, लुखुरे नाथुले भैंसी ल्याउन ! यो कसरी हुन सक्छ ? उसलाई यो आफ्नो द्वारेपनाको निमित्त एउटा थप्पड झैं लाग्यो । (ऐ., पृ. १६३) ।

गाउँको सोझो र गरिब लुखुरेले आफूले गर्न नसकेको काम कसरी गर्यो भन्नेमा द्वारेलाई दुविधा छ । उसले सपनामा पनि नसोचेको कुरा भएको र त्यो कुरा आफ्नो द्वारेपनाका लागि थप्पड भएको अभिव्यक्ति द्वारेमा रहेको

प्रभुत्वशाली विचारकै निरन्तरता हो । लुखे बजियाले भैंसी ल्याएछ भनेर उपेक्षित भावमा आश्चर्य व्यक्त गर्ने द्वारेमा निम्नवर्गका मान्छेलाई मान्छेकै कोटीमा नराख्ने उच्चवर्गीय अहं देखिन्छ । समाजमा आर्थिक रूपमा विपन्न मानिसलाई गालीगलौज गरी, हप्काइदप्काइ अधीनमा राख्नुपर्छ भन्ने सामन्ती विचारबाट द्वारे निर्देशित भएको छ ।

प्रभुत्वशाली विचारधाराले मानवीय कमजोरी र अज्ञानतालाई पनि उपयोग गरेर समाजका कमजोर वर्गलाई आफ्नो अधीनमा राख्ने प्रयत्न गर्दछ । यस प्रकारको विचारलाई पनि कथामा प्रस्तुत भएको निम्नानुसारको प्रसङ्गमार्फत संयोजन गरिएको छ :

> 'भैंसीलाई त अलि बढी नै हालिछस् । दूध कति देला ? कल्चौडो मात्र भएर के गर्नु,मासु खानु भएन मोटो छ भनेर ।' उनका आँखा र नाक अलि खुम्चिए । लुखुरेको सातो उडिगो ।
>
> 'किन र बा ?' उसले शंकित र भयभीत आँखाले द्वारेको आँखामा हेर्यो । त्यहाँ उसले कुनै किसिमको विकार पहिल्याउन सकेन । किनभने द्वारेको मनको सम्पूर्ण कुटिलता आएर उनको घोप्टे जुँघाभित्र लुकेको ओठमा फरफराइरहेको थियो । अब द्वारेबाले उसको शंकाले फुस्रिएका आँखामा गहिरोसँग हेरे,अनि एकपटक फेरि जाँच्ने कष्ट उठाए । उनले लाहुरीको चारैतिर घुमेर जाँचे । अनि अन्त्यमा बडो गम्भीर भएर हुन सकेसम्मको सहानुभूति स्वरमा छरे - 'बाबै, भैंसी त धम्की छ , कसो ए रामे, हेर् त, कि मैले जानिनँ ?' (ऐ., पृ. १६५) ।

द्वारेबाको कुटिल चाल अन्तरनिहीत भएको यस अभिव्यक्तिको आशय लुखुरेले बुझेको छैन । ऊ गाउँको सोझो, निमुखा व्यक्ति हो । तर्कवितर्क गर्नसक्ने र अरूको कुरालाई पत्याउने लुखुरेको अज्ञानता र कमजोरीमा टेकेर द्वारेबाले भैंसी हत्याउने अभीष्ट यहाँ लुकेको. छ । एकातिर सहानुभूति प्रकट गरे जस्तो गर्ने र अर्कातिर केही नभएको भैंसीलाई रोगी देखाउन धम्की छ भनेर खोट देखाउने द्वारेको द्वैतचरित्र यस सन्दर्भले प्रस्तुत गरेको छ । रिन खोजेर घरको गर्जो टार्न खरिद गरेको भैंसी खोटो छ भनेपछि लुखुरेको सातो उडेको प्रसङ्गले उसमा प्रतिरोध गर्ने क्षमता नभएको कुरालाई सङ्केत गरेको छ ।

प्रभुत्वशाली विचारलाई समाजमा स्थापित गराउन उपल्लो वर्गका मनिसले नजानिँदो तवरमा ईश्वर, धर्म, भाग्य जस्ता पारलौकिक कुरालाई प्रसारित गर्दछन् । त्यसरी प्रसारित भएको कुरालाई निम्न वर्गका मानिसले पत्याउँदा उनीहरूको प्रतिरोध क्षमता कमजोर भई अरूको कुरामा विश्वास गर्ने बानी बस्छ र आफ्नो विपद्को सहारा ईश्वर हो भन्ने कुराबाट उनीहरू भ्रमित भइरहन्छन् । यस प्रकारको अवस्थालाई कथाको निम्नलिखित साक्ष्यले प्रस्तुत गरेको छ

> वास्तवमा घैंटी पनि त अब अचाक्ली गर्न थालेकी थिई । बिचरा लोग्ने मात्रै के गरोस् ! उसले पनि खोलै लागोस् भनेर त पैसा ओइरिएको होइन ! यो त उनीहरूलाई भाग्यले ठगेको; बाँउठे ढकालको दया जागेको । यो कुरा त्यो स्वास्नी किन बुझ्दिन ? - हे ईश्वर ! बाउँठे काट्टेको भस्मखरानी भैजावस् ! ....गरीबलाई रुवाएर गरीबको धनले नपोली त कहाँ छोड्ला र ! ....परमेसोरी । ' (ऐ., पृ. १६८) ।

प्रस्तुत कथांशले वास्तविकता नबुझी भाग्यमा विश्वास गर्नु पर्ने लुखुरेको विवशतालाई प्रकट गरेको छ । लामो दूरीबाट हिँडाएर ल्याएको भैंसीले कम दूध दिनु स्वभाबिक हो भन्ने कुराको सामान्य बोधबाट पनि लुखुरे अनभिज्ञ भई ऊ यस्तो अवस्था आउनुमा भाग्यलाई दोष दिन्छ । भाग्यमा निर्भर हुनु र आफू दुष्ट द्वारेको चङ्गुलमा फसेको थाहा नपाउने विचारधाराको निर्माण यहाँ आपत्मा परेको बेला ईश्वर सहाय हुन्छन् भन्ने धार्मिक विश्वासले गरेको छ । लुखुरे आफू शोषणको चक्रव्यूहमा फस्नुको कारण द्वारेबा जस्ता शोषकले समाजमा निर्माण गरेको विचारधारा नभई भाग्यको

खेल सम्झन्छ । यो भाग्यको खेलको भुलभुलैयामा पारेर द्वारेबा जस्ता शोषकले शासकले निर्माण गरेको प्रभुत्वशाली विचारलाई निरन्तरता दिएका छन् ।

**लाहुरी भैंसी कथामा प्रभुत्वशाली विचारधाराप्रतिको प्रतिक्रिया**

कथामा प्रभुत्वशाली विचारधाराप्रति सहभागीको सङ्गठित र एकताबद्ध प्रतिक्रिया आएको छैन । वर्गीय हिसाबले कमजोर पक्ष एक स्थानमा उभिई प्रतिरोध गर्नु पर्नेमा रामवीरे, घमाने, खुलाल र सीताराम पण्डित जस्ता निम्नवर्गीय सहभागीहरू पनि लुखुरेको पक्षमा वकालत नगरी द्वारेबाका पक्षमा उभिएका छन् । लुखुरेले ल्याएको भैंसीमा अनेक खोट देखाउन र द्वारेबाको समर्थनमा नै उनीहरू उभिएका छन् । उनीहरूमा वर्गीय पक्षधरता भन्दा प्रभुत्वशाली वर्गलाई पक्षपोषण गर्ने विचारधारा प्रबल देखिन्छ । परस्पर विरोधी भाव र प्रवृत्तिलाई संवहन गर्ने सहभागीका बिचको अन्तरविरोधले कृतिलाई गति दिने कुरालाई चैतन्यले चर्चा गरेका छन् (चैतन्य २३०) । यस आधारमा हेर्दा कथालाई गति दिन आएका सहभागीमा परस्परको अन्तरविरोधको स्थिति कमजोर रहेको छ । यस स्थितिलाई कथाामा प्रस्तुत निम्न साक्ष्यमार्फत् हेर्न सकिन्छ :

> रामवीरेले एक पटक द्वारेबाको आँखामा हेर्‍यो; अनि उनले जस्तै भैंसीको चारैतिर घुमेर जाँच्यो । अनि खुलाल,घमानेले पनि त्यही अभिनयलाई दोहोर्‍याए । अन्तमा रामवीरेले बडो लाचारीसाथ घोषणा गर्‍यो– ‘द्वारेबाका आँखा किन झुक्किन्थे र ? यस्ता कत्ना–कत्ना भैंसी खेलाइसक्नुभा’ पो त, कसो घमाने दाइ ?.. भैंसी धम्की नै होइन त ?’ (ऐ., पृ. १६५)

यस कथांशमा वर्गीय रूपमा विपन्न वर्गमा पर्ने रामवीरे, खुलाल, घमानेबाट लुखुरेका पक्षमा अभिमत जाहेर भई द्वारेबाका विरुद्ध प्रतिरोधको स्वर आउनु पर्नेमा त्यसको विपरीत सामन्तकै पक्षमा विचारधरात्मक प्रभुत्वको अभिव्यक्ति भएको छ । यस कथांशका आधारमा समाजमा रहेका निम्नवर्गीय विचारधाराको पक्षधरता पनि प्रभुत्वशाली ज्ञानमा अभ्यन्तरीकरण भई शोषककै पक्षपोषण गर्ने नेपाली समाजको अवस्थाको चित्रण भएको छ । जसले तत्कालीन नेपाली समाजको संरचनामा प्रभुत्वशाली विचारका विरुद्ध आउने प्रतिक्रिया कमजोर थियो भन्ने यथार्थलाई प्रस्तुत गरेको छ । वर्गीय समाजमा निम्न वर्गका सदस्यले निम्न वर्गकै हितमा काम गर्नु पर्नेमा प्रभुत्वशाली विचारधारालाई पक्षपोषण गर्ने व्यक्तिकै पक्षमा कथाका अधिकांश सहभागी उभिएकाले यहाँ पक्षधरताको धरातल कमजोर छ ।

कथामा लुखुरे र घैंटी निम्न वर्गको प्रतिनिधित्व गर्ने सहभागीका रूपमा प्रस्तुत भएका छन् । द्वारेबाले प्रतिनिधित्व गरेको प्रभुत्वशाली विचारधाराको आडमा शोषित भएका उनीहरूमा पनि वर्गीय चेतनाको अभाव र अन्य सहभागीको असहयोगका कारण प्रभुत्वशाली विचारधाराप्रतिको प्रतिक्रिया सशक्त र परिणाममुखी भएको देखिँदैन । जसलाई कथाको निम्नलिखित साक्ष्यमार्फत् हेर्न सकिन्छ - के त उसलाई उसको भाग्यले नै यसै गरी ठग्यो ? हेर्दाहेर्दै घर, भैंसी ,सानो पोडे सबैका अनुहार बादलभित्र पसेझं उसलाई लाग्यो । ‘हे ईश्वर !’ उसको छातीबाट एउटा दर्दिलो सुस्केरा निस्केर वायुमण्डलमा रुमल्लियो । (ऐ., पृ. १६६) । कथाको यस प्रकरणमा पनि लुखुरेले भाग्यलाई नै दोष दिएको छ । भैंसीमा खोट नभए पनि द्वारेबा र उसका अनुयायीहरूले खोट देखउन गरेको प्रपञ्चपश्चात् कथामा आएको यस अभिव्यक्तिमा लुखुरेको आक्रोस देखिए पनि त्यसले प्रभुत्वशाली विचारधाराप्रति विद्रोहको स्वरूप धारण गर्ने स्थिति छैन । कथारचनागत समय सन्दर्भमा स्थापित रहेको सामन्तवादी विचारधारा तथा त्यसको प्रधावका सामु निरीह हुनुको विकल्प नदेख्ने निम्नवर्गीय चरित्रको जीवनाधार तथा सामाजिक पुनस्थापनाका लागि समेत सामन्तमै निर्भर रहनुपर्ने अवस्थाको चित्रण भएके छ । सामन्तको शोषण तथा दमनको मारमा परेको लुखुरे र उसको परिवारका लागि

द्वारेबासँगको विद्रोह पा प्रतिरोधचेतना कुनै पनि दृष्टिले असम्भव छ । यी पात्रका चेतनामा प्रतिरोध गर्ने मानसिकताभन्दा पनि क्षणिक दिक्दारी र हैरानीको सङ्केत मात्र छ । समाजमा निम्नवर्गीग पात्रले सामन्तका सामु कुनै पनि मानमर्दन हुने कार्ग गर्नु, तिनका भन्दा राम्रो वस्तुको प्रयोग गर्नु सामन्ती अमह् विरुद्धको सशक्त प्रतिकार ठान्ने द्वारेबाका मानसिकतामा आफ्नो गोठको भन्दा राम्रो भैंसी लुखुरेका आँगनमा देख्दा आएको आक्रोश र उद्वेलन प्रभुत्वशाली संस्कृति विरुद्धको प्रतिकार नै रहेको विषय कथाका निम्नलिखित सन्दर्भमा प्रस्तुत भएको छ ।

> मानौँ लुखुरेले भैंसी ल्याएको कुरा उनी सपनामा पनि पत्याउन सक्तैनन् । साँच्चै नै उसले भैँसी ल्याएको हो भने यो जत्तिको घोर आश्चर्य र घोर अपराध अरु केही हुनसक्तैन । आफूले एउटा भन्याजस्तो लाहुरी जम्का गर्दा गर्दै छेपारोको उखान भैरहेछ, लुखुरे नाथुले भैँसी ल्याउने ! यो कसरी हुन सक्छ ? उनलाई यो आफ्नो द्वारेपनाको निमित्त एउटा थप्पडझैँ लाग्यो । उनले मनमा असजिलोपनको अनुभव गरे – भित्र अलि चस्केझैँ, भित्र मुटुमा कसैले फोनबाजाको सियोले च्वास्स घोचिदिएझैँ उनलाई लाग्यो । (ऐ., पृ. १६३) ।

कथाको प्रस्तुत सन्दर्भ निम्न वर्गको उपलब्धि र त्यसले सामन्तको मानसिकतामा उत्पन्न षडयन्त्रमूलक प्रतिरोधको अवस्थाको सूचक हो । यस उद्धरणले सामन्तहरू निम्न वर्गको प्रतिनिधित्व तथा समाजमा तिनको भूमिकालाई कुन रूपमा हेर्छन् भन्ने पक्षसँग सम्बन्धित छ । सामाजिक संरचनामा तल्लो एकाइमा मानिसले सामन्तसरहको जीवन बाँच्नु त के उसको भन्दा अब्बल देखिने कुनै पनि वस्तुको उपयोग निषेध नै हो । यस कथांशमा लुखुरेले भैंसी किनेर आफ्नो उत्पादन पद्धतिलाई दरिलो बनाउने प्रण समाजमा समता र समानतालाई संस्कृतीकरण गर्ने प्रयत्न र प्रयासप्रति सामान्तको छट्पटाहट र बेचैनी द्वारेबाको चरित्रमा कसरी प्रतिशोध र दमन गर्ने भन्ने सन्दर्भ प्रस्तुत भएको छ । आफूभन्दा राम्रो अरुलाई हुनै नदिने तथा भएहाले पनि तिनलाई विफल पार्नका लागि अधीनस्थ समूहकै सहयोग लिई विचाधारात्मक ज्ञानको सञ्चरण गर्ने द्वारेबाको चरित्रको अभिव्यञ्जना कथाका निम्नलिखित सन्दर्भले गर्दछन् ।

> हँ – घमाने र खुलाल एकै साथ घन्के । हुन त त्यो घनकाइमा रामबीरेको समर्थन अथवा विरोध के थियो कुन्नि, तर द्वारेबाले यसलाई आफ्नो समर्थनपट्टि बङ्ग्याइहाले । हाम्रा आँखालाई भूल पार्न त बाबै यै ज्यानले कत्ना कत्ना भैँसी सुमरियो, आँखा गतिला नभैदिया भा त ढुटीमाटी भैसक्ने थियो । (ऐ., पृ. १६५) ।

प्रस्तुत कथांशमा द्वारेबाको कपट र कुटिल भाषिक सङ्केतका माध्यमबाट लुखुरेकै वर्गको रामवीरेका मानसिकतामा उसले ल्याएको भैंसीप्रतिको सकारात्मक दृष्टिकोणलाई परिवर्तन गरी त्यसलाई निर्गतिलो प्रमाणित गर्ने सन्दर्भको प्रस्तुति छ । आफूलाई उच्च र अन्यलाई निच देखाउन कसरी विचारधारात्मक अभ्यास गर्दछन् भन्ने विषयको पुष्टि हो र यस उद्धरणमा रामवीरेले लुखुरेले ल्याएको भैंसी असल छ भन्ने तर्कलाई निस्तेज गरी यो वस्तु कुनै पनि दृष्टिले उपयुक्त छैन भन्ने प्रभुत्वशाली वर्गको विचारधारात्मक प्रतिक्रिया हो । रामवीरे द्वारेबाको पक्षधर भई आफ्नै वर्गको लुखुरेप्रति अनुदार बन्नु सामन्तवादी विचारधारात्मक ज्ञानलाई स्वीकार गरी वर्गीय एकताविरुद्ध उभिएको पात्र हो । समाजमा सत्ता र यसको विचारधारालाई निरन्तरता दिई आफ्नो प्रभुत्व अक्षुण्ण राख्न सामन्तले कस्तो भूमिका खेल्दछन् भन्ने प्रभुत्वप्रतिको यस प्रतिक्रियाका आधारमा प्रस्तुत कथा सत्ताको फुटाएर राज गर्ने नीतिपरस्त तथ्यप्रस्तुतिमा सक्षम रहेको छ ।

**लाहुरी भैंसी कथामा लेखकीय विचारधारा**

वर्गीय समाजमा लेखक पनि वर्गीय हुने गर्दछ । लेखकको दृष्टिकोण रचनामा प्रकट हुने सन्दर्भमा उसको कुन वर्गतर्फ झुकाव रहन्छ भन्ने सवालले पनि रचनामा महत्त्व राख्दछ । वर्गविभाजनयुक्त समाजमा सौन्दर्यको प्रकृति र त्यसको मूल्यनिर्धारणको कसी पनि वर्गीय उपयोगिता हुने भएकाले कृतिमा लेखकीय विचारको महत्त्व रहने गर्दछ

(चैतन्य, २०६४, पृ ८२) । यस कथामा विकलले तत्कालीन समाजमा रहेका अन्तरविरोध र त्यसबाट उत्पन्न परिस्थितिलाई स्थान दिएकाले उनको विचारधारा पनि प्रकट भएको छ । कथामा कथाकारको विचारधारा प्रत्यक्ष आफ्नै शब्दमा वा कुनै सहभागीका माध्यमबाट प्रकट हुनेगर्दछ । प्रस्तुत लाहुरी भैंसी कथामा लेखकीय टिप्पणी र सहभागी दुवैका तर्फबाट लेखकीय विचारको प्रवाह भएको देखिन्छ । कथामा प्रस्तुत भएका प्रतिनिधिमूलक साक्ष्यका आधारमा लेखकीय विचारधाराको अवस्थालाई विश्लेषण गर्नसकिन्छ ।

आर्थिक रूपमा विभाजित वर्गीय समाजको चरित्र र त्यसले उत्पन्न गरेका असमान मानवीय मूल्यलाई कथाले प्रस्तुत गरेकाले त्यस मूल्यप्रतिको लेखकीय असहमति र उत्पीडित वर्गप्रति लेखकीय सहानुभूति देखिन्छ । जसलाई कथामा प्रस्तुत निम्नलिखित साक्ष्यले प्रकट गरेको छ :

> उसको मन आज प्रफुल्ल थियो । छोराको लिंडेढिपीले आज उसको मनमा कटुता पैदा गरेन; अनि वेदनाले उसको मुटु चिरेन । किनभने कटुता र आत्म–प्रवंचना पैदा गर्ने निराशा उसको खतम भैसकेको थियो । आज उसको आँगनमा लाहुरी भैंसी सारसौँदै बाँधिएको थियो । त्यो लाहुरी उसको सानो छोरोको धेरै कालदेखिको लिंडेढिपी र नमर्ने सपनालाई पूर्ति गर्न कल्पवृक्ष भएर उसको दैलोमा बाँधिएको थियो । (ऐ., पृ. १६३)

समाजदर्शन तथा तयका विकसित सिद्धान्तले साहित्यकारलाई नागरिक समाजको प्रतिनिधिका रूपमा पहिचान दिएको छ । नागरिक समाज सत्तापरस्त नभई विरोधी सामाजिक संरचना हो । सांस्कृतिक अध्ययनमा विचारधारात्मक पक्षको अभिव्यञ्जना हुने साहित्य तथा यसको स्रष्टा सत्तापरस्त नागरिक समाजको प्रतिनिधि नभई यो किनारीकृत सामाजिक संरचना तथा एकाइको प्रतिनिधि हो । समाजको ार्थिक प्राणालीमाथि नियन्त्रण गरी विपन्न वर्ग–समुदायमाथि प्रभुत्व स्थापित गर्ने द्वारे तथा तिनमा विद्यमान शोषण वृत्तिविरुद्ध लुखुरेले भैंसी किन्नु आफैंमा प्रतिरोध हुँदै हो । यसका अतिरिक्त श्रमिक वर्गको प्रतिनिधि लुखुरेले भैंसीमा गरेको आर्थिक लगानी उसको समाजमा सांस्कृतिक सम्बन्धलाई गतिशील राख्ने आर्थिक आधार पनि रहेको तथ्यप्रस्तुति कथाको उपर्युक्त सन्दर्भको अभीष्ट हो । चरम गरिबीमा जीवन धान्न विवश लुखुरेको पारिवारिक सपनालाई साकार पार्ने आकांक्षा यस अभिव्यक्तिमा रहेको छ । लुखुरेको जीवनलाई सहज बनाउन र गरिबीको दुष्चक्रबाट उन्मुक्ति पाउन लाहुरी भैंसी सहयोगी बनोस् भन्ने लेखकीय अभिमत कथाका निम्नलिखित सन्दर्भमा प्रकट भएको छ ।

> ‘कस्तो भैंसी ल्याएछ हँ,लुखे बजियाले ?’
> ‘खोइ बा,गोडा चारेक सयसम्मको हेरेर ल्याउनुपर्ला भन्थ्यो लुखे ।’रामेले सपनामा डुबेझैँ एकतमासको स्वरमा भन्यो । उसका आँखा एक टीठ लागेर लुखुरेको आँगनतिर हेरिरहेका थिए ।
> द्वारेबाको मुटु।मा ज्यादै उत्सुकताको काउकुतीले कुत्कुत्यायो । कस्तो भैंसी ल्याएछ त ए,लुखे बजियाले ! उनका गोडा भयानक आकर्षण शक्तिले खिचेझैँ लुखुरेको घरतिर डोरिए । ‘हिंड्,हेरिहालौ । कस्तो भैंसीं ल्याएछ त्यस बजियाले ।’ (ऐजन, पृ. १६३) ।

लुखुरेले भैंसी खरिद गरेर घरमा ल्याएपछि द्वारेबाले व्यक्त गरेको प्रतिक्रियास्वरूप आएको यस भनाइमा लुखुरेलाई अपमान गर्ने शब्द प्रयोग भएका छन् । वर्गभेदयुक्त समाजमा उच्च वर्गले निम्न वर्गप्रति गर्ने दमनीय व्यवहारप्रति लेखकको व्यङ्ग्य यहाँ प्रकट भएको छ । कथामा सामन्त वर्गको प्रतिनिधि चरित्र बनेर आएको द्वारेबाको शोषक प्रवृत्ति नै लुखुरेजस्ता निम्नवर्गीय व्यक्तिका प्रगतिका बाधक हुन् भन्ने सन्दर्भलाई यस उद्धरणमा अभिव्यक्त मुख्य विषय हो । समाजमा प्रभुत्व स्थापित गरी सामाजिक संरचनामा हुने प्रत्येक गतिविधि आफ्नै मनोकाङ्क्षाअनुसार

चल्नुपर्ने मानसिकता तथा सीमान्त वर्गप्रतिको दमनकारी दृष्टिकोण भएका द्वारेबा तथा उसको विचारधारालाई अभ्यन्तरीकरण गर्ने गाउँलेको मनोविज्ञान नै वर्गमैत्री तथा समतामूलक समाजविरोधी छन् भन्ने तथ्य कथाका यी सन्दर्भले पुष्टि गर्दछन् । सामन्तवाली समाज व्यवस्थामा सत्तामा रहेको वर्गले किनाराका वर्गलाई समान नभई अधीनस्थ नै मान्ने संस्कृति तथा यसप्रकारको सामाजिक कृत्य प्रकारान्तरले वर्ग र वर्गीयहित विरोधी मान्यता हो भन्ने तथ्य कथाका उपर्युक्त उद्धरणले पुष्टि गर्दद्धन् । सामन्त वर्गले निम्न वर्गलाई गर्ने व्यवहार निकृष्ट तवरको हुने गर्दछ भन्ने सन्दर्भलाई कथाको उपर्युक्त साक्ष्यले प्रस्तुत गरेको छ ।

कथामा लेखकीय विचारधाराले सामाजिक व्यवस्थाको पुनःसंरचनाको आवश्यकता औंल्याए पनि मुक्तिका लागि चेतनाको स्पष्ट रेखाङ्कन भने गर्नसकेको देखिन्न । कथामा आएको लेखकीय विचारधारा प्रष्ट रूपमा नआई परिप्रेक्ष्यमा आएको छ । यस कथामा विषयवस्तु चयन, घटनाक्रमले लेखकीय विचारलाई वहन गरे पनि सुविचारित विचारधाराको विन्यास देखिन्न । कथामा समाजमा द्वारेबाको प्रभुत्वका सामु निरीह अन्य गाउँबासीप्रतिको लेखकीय दृष्टिकोण पनि द्वरे इच्छाअनुसार नै अभिव्यक्त भएका छन् । द्वारेबाका सामु निरीह र नतमस्तक समाजको निक्नवर्ग पनि उसैको इसारामा सञ्चालित छन् भन्ने विषय कथाका निम्न सन्दर्भले पुष्टि गर्दछन् – रामवीरे बडबडाउँदै द्वारेबाका आँगनतिर उक्ल्यो, द्वारेबाका गोडामा पुर्पुरो टेकायो, अनि निधारमा हातको छहारी पारेर लुखुरेको आागनतिर नियालेर हेर्यो (ऐ, पृ .१६२) । सकैमा समानता हुनु तथा व्यक्तिबीच कुनै भिन्नता नरहेकाले सबैप्रतिको समानता नै नागरिक अधिकारलाई सांस्कृतिक रूप दिने माध्यम हो । कथाको यस सन्दर्भमा समाजका द्वारेबाका अतिरिक्त अन्य सबै गाउँलेको भूमिका लुखुरेकै समान तथा सामन्तवादी विचारधाराका सामु नतमस्तक रहेको तथ्य प्रस्तुत भएको छ । समाजमा विभेद र शोषण उत्कर्षमा रहेको तथ्यप्रस्तुतिका लागि आएको यस सन्दर्भले नेपाली समाजको एकात्मक दशा र दिशालाई प्रतिकात्मक रूपमा प्रस्तुत गरेको छ ।

समाजमा विचारधारात्मक सङ्घर्ष र प्रतिरोध आर्थिक सम्बन्धबाट निधारित हुनेगर्दछ । समाजका विपन्न वर्गको प्रतिनिधित्व गर्ने लुखुरेजस्ता पत्र आफ्नै वर्गबाट उपेक्षित छन् । वर्गीय शोषण तथा सम्बन्धमा सामाजिक संरचनाका प्रत्येक एकाइ परस्परमा सहभागी हुन्छन् । द्वारेबा र उनका अठपहरियाहरूले आफूले किनेर ल्याएको भैंसी अगोग्य तथा बिरामी छ भन्ने विश्वासमा परेको लुखुरेको मानसिकतामा प्रतिरोध उत्पन्न हुनु स्वाभाविक हो । तथापि भैंसीमा सद्गुण वा दुर्गुण जे भए पनि कथामा अभिव्यक्त लुखुरेले द्वारेबाको गोठको भन्दा उच्चजातको भैंसी किनेर ल्याउने सामर्थ्य देखाइरँहदा पीडामा रहेको द्वारेबाको विचारधारात्मक शोषणबाट लुखुरेमा विद्रोह आए पनि त्यो द्वारेबा र उसको कुटिलताप्रति लक्ष्यित नभई अब्बल भैंसी दिनेप्रति नै प्रतिरोधको प्रस्तुति भएको छ । असत्ती काठो भोलि नै लगेर त्यसको डिँगो त्यसैको दैलोमा मिल्काइदिन्छु" – लुखुरे दुःख र पीडाले बड्बडायो । (ऐ., पृ.१६६) । लुखुरेलाई जसले भैंसी बेचेका हुन् तिनमा लुखुरेप्रति कुनै पनि शोषणको विचारधारा छैन । द्वारेबाजस्ता कुटिल व्यक्तिको कुटनीतिक पञ्जामा परेको लुखुरे तिनकै विचारधारात्मक ज्ञानलाई अभ्यन्तरीकरण गरी सत्यको परीक्षण गर्न चुकेको छ । गाउँको प्रतिष्ठित व्यक्ति तथा सत्ताको विचारधारालाई उलङ्घन गरी तिनका विरुद्ध प्रतिरोधमा उत्रन नसक्ने लुखुरे तथा द्वारेबाकै विचारधारा अर्थात् सत्ताको विचारधारालाई अङ्गीकार गर्नुको विकल्प नै नदेख्ने लेखकीय दृष्टिकोण यस कथामा प्रस्तुत भएको छ ।

द्वारेबाको विचारधारालाई निशर्त समर्थन गरिरहेका गाउँले लुखुरे र उसको आर्थिक आधारमाथि धावा बोल्नका लागि द्वारेपरस्त विचारधाराका पक्षपाती बनेका छन् । भोलि आफूमाथि आइपर्नसक्ने सम्भावित द्वारेकहरको विषयमा अनभिज्ञ रामवीरे, खुलाल, पण्डित आदिको भूमिका लुखुरेको प्रतिरक्षा गरी द्वारे प्रकृत्तिको अन्त्यका लागि प्रतिरोधपूर्ण बन्ननसक्नु यस कथाको लेखकीय विचारधारात्मक कमजोरी पनि हो । यस कथामा द्वारेबाको विचारधारा

नै शक्तिशाली तथा समाजको अब्बल संस्कृति मान्ने गाउँलेको निम्नलिखित कथन तथा प्रतिरोध विहीनताले नेपाली समाजको आन्तरिक सत्ता कुन तहसम्म सामन्तवादपरस्त छ भन्ने विषयको पुष्टि गर्दछ। कैले बा, यो भैँसी धम्की रहेनछ रे भने त हाम्रा मुखाँ जाँड हालिदिनू (ऐ., पृ. १६६)। लुखुरेले भैंसी किन्नु तथा त्यो भैंसीसँगै उसले उत्पादनपद्धतिका लागि देखेको सपना र श्रमलाई विस्थापित गरी पुनः नियमित श्रमिक नै बन्नुपर्ने विषय यस कथनको मुख्य विषय हो। कथाका पात्रहरूले द्वारेबाको समर्थनमा बोलिरहेको यो वाक्य नेपाली समाज र यसको विचारधारात्मक प्राप्ति निम्न वर्गको पक्षमा छैन भन्ने तथ्यलाई पुष्टि गर्ने प्रमाण हुन्। आफ्नै वर्गको व्यक्तिलाई निरुत्साहित गरिरहेका गाउँलेको प्रस्तुतीकरणबाट द्वारेबामा सञ्चार भएको सत्ताको उचाइ रदम्भप्रति कुनै प्रतिरोध छैन। यस अर्थमा द्वारेबा नै गाउँको निर्विकल्प सत्ता हो भने उसका विचारधारा नै गाउँको संस्कृति हो। यसप्रकोरको समाज र विचारधाराबोध गर्ने गाउँलेहरूको प्रतिक्रियाप्रति स्वयम् समाख्याताले पनि कुनै प्रतिरोध नगर्नु कथाका माध्यमबाट नेपाली समाजको असमान आर्थिक वितरण र उत्पादन पद्धतिको आरेख मात्र हो।

लुखुरेले द्वारेबाको भन्दा असल र जातको भैंसी किनेर ल्याउनु उसका लागि अभिश्राप हो। सामन्तवादी संस्कृतिमा अभिजात वर्गको उच्च सभ्यता र निम्न वर्गको सभ्यताविहीन संस्कृतिको चित्रण लुखुरेकी स्वास्नी घैंटीको व्यवहारबाट पनि प्रस्तुत भएको छ। लुखुरे आफूले ठूलो भूल गरेको अपराध बोधमा रहेकै बेला आफ्नो लोग्नेको समर्थनको सट्टा उसैविरुद्ध जाइलाग्ने घैंटीका माध्यमबाट प्रस्तुत भएका धारणामा लेखकीय विचारधारा सामन्तवादी सत्ता र त्यसको संस्कृतिसँग निकट रहेको तथ्यको पुष्टि हुन्छ। अघि साँझसम्म महामायाजस्ती घैँटीले अहिले रणचण्डीको अवतार लिइसकेकी थिई। एक त भैँसी स्याहार्ने लोभले उसले आफ्नो नाकको पनि उतारेर दिएकी थिई, दोस्रो त्यसमाथि त्यतिको रिन अनि उसको ब्रह्माण्डमा आगो सल्किनु कुनै अस्वभाविक थिएन " (ऐ., पृ. १६७)। लुखुरे निर्धन हुनु, उत्पादनको प्रणलीसँग जोडिएर पनि आर्थिक आधार प्राप्त नहुनु, उत्पादनका लागि प्रतिबद्ध हुँदाहुँदै पनि सामन्तको विभेदको शिकार हुनु, लुखुरेप्रति समाज र परिवारसमेतको विश्वास नहुनुजस्ता घटना समाजको सामन्ती संरचना र त्यसको निरन्तरताको कामना गर्ने अभिलक्षण हुन्। द्वारेबा र उसका हिमायतीको तर्कलाई प्रभावहीन तुल्याउन लुखुरेको साथ दिनुपर्ने घैंटीमा आएको विचलन र लोग्नेका कार्यप्रतिको आक्रोश, कथामा चित्रण भएका निम्नवर्गीय पात्रको द्वारेबालाई नै समर्थनजस्ता विषय असमान वर्गीय सैरचनामा निम्न वर्गबीचमा अनमेललाई सङ्केत गर्ने पक्ष हो। कथाको यस उद्धरणले नेपाली समाजमा निम्न वर्गको उपस्थिति छ भन्ने पक्षका माध्यमबाट नेपाली श्रमिक तथा निम्नवर्गीय सामाजिक संरचना सैद्धान्तिक विचलन र अनेकौं टुक्रामा विभाजित रहेको लेखकीय विचारधारा प्रस्तु गर्न भने सक्षम छ।

## निष्कर्ष

नेपाली कथाक्षेत्रमा आलोचनात्मक यथार्थको अभिव्यक्ति प्रस्तुत गर्ने रमेश विकलका कथा सांस्कृतिक अध्ययनका दृष्टिले महत्त्वपूर्ण शोधक्षेत्र हुन्। सम्बत् २०१९ सालमा नयाँसडकको गीत कथासङ्हका सङ्गृहीत भई प्रथमपटक प्रकाशित भएको लाहुरी भैंसी कथामा असमान आर्थिक वितरण भएको नेपाली समाजमा सामन्तवादी विचारधारा तथा त्यसबाट सृजित वर्गीय विभेदको चित्रण भएको छ। परस्परमा द्वन्द्वात्मक सम्बन्ध भएका विचारधारात्मक संस्कृति तथा त्यसमा सत्तामा रहेको विचारधाराको दमन र विभेदको प्रस्तुति भएको यो कथा सांस्कृतिक विचारधाराको अध्ययनका दृष्टिले उत्कृष्ठ कथा हो। विचारधारात्मक दृष्टिले यस कथामा उच्चवर्गीय सामन्त तथा श्रमिक वर्गको प्रतिनिधित्व छ। यस कथामा प्रयोग भएका पात्र सांस्कृतिक दृष्टिले शासक र शासित वर्गको प्रतिनिधित्व रहेको यस कथामा सामन्तवादी विचारधारालाई ग्रहण गर्ने निम्न वर्गको जीवन चेतना पनि सामन्तीसत्ताकै ज्ञान र विचारधारालाई अङ्गीकार गरी आफ्नो भूमिका प्रस्तुत गर्न उद्दत छन्।

प्रस्तुत लाहुरी भैंसी कथामा सामन्तवादी प्रभुत्वका सामु निरीह र तिनकै सदाशयता बिना जीवननिर्वाह गर्नसकिने जीवनचेतना भएका निम्न वर्गको विचारधारात्मक दृष्टिकोण भएका पात्र र तिनले निर्माण गरेको सामाजिक संरचनाको प्रस्तुति छ । समाज अलग विशेषता भएका वर्ग, समूह वा एकाइको संयोजन भए पनि यस कथामा प्रमुख पात्र लुखुरेभन्दा बाहेकका अन्य सबै पात्रको प्रतिक्रिया र विचारधारात्मक पक्षधरता सामन्तवादी सत्ता र त्यसको पृष्ठपोषणसँग सम्बन्धित छ । कथाका निम्न वर्गलाई परस्परमा फुटाई शोसन गर्ने तथा आफ्नो विचारधारालाई सामाजिक संस्कृतिका रूपमा स्थापित गर्न द्वारेबा सक्षम छ । द्वारेबा समाजको निर्विकल्प विचारधारात्मक प्रतिनिधित्वको केन्द्र बन्नका लागि निम्न वर्गकै पात्र तथा तिनको संस्कृति जिम्मेवार । कथाका रामवीरे, धमाने, पण्डित वा कथान्तमा लुखुरेकै स्वास्नीको पनि लुखुरेका कार्यप्रतिको अविश्वासका कारण सामन्तवादी संस्कृतिका सामु निरीह बन्नुको पछाडि नेपाली समाजका द्रष्टाको मौनता पनि कारक रहेको छ । कथामा लुखुरेले प्रतिनिधित्व गरेको संस्कृतिका पक्षमा कोही पनि नहुनुको कारण समाजमा रहेको अशिक्षा, सामन्तप्रति प्रतिरोध गर्नसक्ने सामर्थ्यको अभाव तथा नागरिक समाजको मौन समर्थन रहेको विचारधाराको प्रस्तुति यस कथामा भएको छ । सारतः नेपाली समाजको असमान आर्थिक वितरणबाट सृजित विषमताको प्रतिनिधित्व गर्ने सांस्कृतिकताको अभिव्यक्ति भएको लाहुरी भैंसी कथामा सामन्तवादी सत्ता र त्यसको विचारधारात्मक पक्षको समर्थन गर्ने घटनाका साथै निम्न वर्गप्रति असहिष्णु विचारधाराको प्रस्तुति भएको निष्कर्ष प्राप्त गर्नसकिन्छ ।

## सन्दर्भ सामग्रीसूची


अर्याल, भैरव (२०७३). *साझा कथा*, (तेह्रौं संस्क)., साझा प्रकाशन ।

गिरी, अमर (२०७०). "सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा" *भृकुटी* पूर्णाङ्क पृ. ११–४६

चापागाईँ, निनु (२०६७). *मार्क्सवादी साहित्यचिन्तन*, साझा प्रकाशन ।

चैतन्य, (२०६४). *मार्क्सवादी कलादृष्टि र समीक्षा*, दोस्रो संस्क., साझा प्रकाशन ।

चैतन्य, (२०६९). *मार्क्सवादी सौन्दर्यचिन्तन*, साझा प्रकाशन ।

जीस, अभ्नेर (२०७२). *मार्क्सवादी सौन्दर्यशास्त्रका आधारहरू*, अनु. हरिहर खनाल,नेपाल प्रज्ञा–प्रतिष्ठान ।

पाण्डे, हेमलाल (२०७२). "विचारधारा र राज्यका विचारधाराका अङ्गहरू", सम्पा. कृष्णचन्द्र शर्मा, *मार्क्सवादी साहित्यसिद्धान्तका प्रतिनिधिमूलक विचारहरू*, नेपाल प्रज्ञा– प्रतिष्ठान । पृ.२६१–२८४

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र*, साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक (वर्गीय,जातीय र लैङ्गिक) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ*, भुँडीपुराण प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०७०). *नेपाली कथा र कथाकार*, नेपाल प्रज्ञा–प्रतिष्ठान ।